खण्ड १ : बोलपत्र/दरभाउपत्र आव्हान

# उच्च अदालत जनकपुर

जनकपुरधाम, धनुषा

**दरभाउपत्र आव्हानको सूचना**

सूचना प्रकाशित मिति : २०७४/१०/१४

यस कार्यालयवाट चालु आ.व.०७४।७५ मा तपसिलमा उल्लेखित योजनाको निर्माण कार्य ठेक्काबाट गराउनु पर्ने भएकाले नेपाल सरकारबाट ईजाजत पत्र प्राप्त योग्य निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको शिलवन्दि दरभाउपत्र आव्हान गरिएको छ ।

**शर्तहरु**

१. शिलबन्दी दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) औं दिन भित्र यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक जनकपुर मा रहेको राजश्व खाता नं. **क११००१** मा रु.१०००/- (रु. एक हजार,पछि फिर्ता नहुने गरी ) जम्मा गरेको सक्कल भौचर वा नगदै बुझाई नगदी रसिद साथ नविकरण भएको ठेक्का ईजाजत पत्र तथा स्थायी लेखा नम्बर **(PAN)** र भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि, आ.व. ०७३/७४ सम्मको कर चुक्ता प्रमाणपत्र को प्रतिलिपि निवेदन साथ पेश गरी कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।

२. रितपुर्वक भरिएको शिलबन्द फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिन, दिनको १२.०० वजे सम्ममा यस कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ साथै सोही दिनको २.०० वजे यस कार्यालयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा दरभाउपत्र खोलिनेछ , दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. शिलवन्दी दरभाउपत्र साथ तपशिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालको राष्ट्रिय वाणिज्य बैंक जनकपुर मा रहेको धरौटी खाता नं. धरौटी- १२२०२०३०००००० मा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बरावरको नेपाल सरकारको मान्यता प्राप्त बैंकहरु (विडवण्ड जारी गर्न सक्ने अधिकार प्राप्त बैंक) बाट घटिमा ७५ दिन म्याद भएको सक्कल विडवँण्ड (Bid Security) पेश गर्नु पर्ने छ ।

४. शिलवन्द दरभाउपत्रमा दररेट उल्लेख गर्दा Bill Of Quantity को प्रत्येक Item को अंक र अक्षर दुवैमा स्पष्ट भर्नु पर्नेछ । केरमेट भई अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

५. दररेट भर्दा मूल्य अभिवृद्धि कर वाहेकको दररेट भर्नु पर्नेछ ।

६. शिलवन्द दरभाउपत्र दाखिला गर्दा शिलबन्दी खामको बाहिर यस कार्यालयको नाम, ठेक्का नं., कामको विवरण दरभाउपत्र दाताको नाम, ठेगाना आदी स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

७. शिलबन्दी दरभाउपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा क्रमश: कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ ।

८. एक फर्मको नामवाट खरिद भएको दरभाउपत्र अर्को फर्मको नामवाट दर्ता गर्न पाईने छैन् ।

९. रित नपुगी शर्त राखी वा म्याद नाघी आएको दरभाउपत्र माथि कार्यवाही हुने छैन ।

१०. दरभाउपत्र आंशिक रुपमा वा पुर्ण रुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

११. सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार हुनेछ ।

<u>तपशिल:</u>

| सि.नं. | ठे.नं. | कामको विवरण | ल.ई. रकम ( भ्याट वाहेक) | धरौटी रकम रु. |
|---|---|---|---|---|
| १ | ०१ /०७४-७५ | उच्च अदालत भवन रंगरोगन तथा बिद्युत्तीकरण कार्य | 1671779.05 | 42000.00 |